आ०व० २०७५/०७६को गाउँकार्यपालिकाको बैठक नं०२

आज मिति २०७५ साल श्रावण १६ गतेका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री नेमबहादुर के.सी.को अध्यक्षतामा ~~बैठक~~ कार्यपालिकाको बैठक प्रारम्भ गरियो।

उपस्थिति

(१) श्री नेमबहादुर के.सी. – अध्यक्ष
(२) श्री टीकाशर्मा वली – उपाध्यक्ष
(३) श्री वसुन्धरा पुन – प्रमुख प्रशासकीय अधिकृत
(४) श्री कुविकुमार चन्द – वडाध्यक्ष, वडा नं० १
(५) श्री डिल्लीबहादुर के.सी. – वडाअध्यक्ष वडा नं० २
(६) श्री सेतीराम रोकाहा – ,, ,, ,, ३
(७) श्री चन्द्रबहादुर रावत – ,, ,, ,, ४
(८) श्री रामबहादुर ~~चन्द~~ के.सी. ,, ,, ,, ५
(९) श्री दुर्गाबहादुर मल्ल ,, ,, ,, ६
(१०) श्री अम्रता कामी कार्यपालिका सदस्य
(११) श्री शान्तराम कामी ,, ,,
(१२) श्री मञ्जु शाही ,, ,,
(१३) श्री भुतो मल्ल चन्द ,, ,,
(१४) श्री ~~देवी खत्री~~ भुक्तबहादुर बुढा मगर ,, ,,
(१५) श्री धनीराम नेपाली ,, ,,
(१६) श्री ~~[illegible]~~ मोहनी ओली वडा अध्यक्षा का. ३
(१७) तिलक रोकाय सब-इन्जिनियर
(१८) इन्द्र ब. भण्डारी क. लेखापाल [illegible]

प्रस्ताव नं०१ – आ.ले.प. सम्बन्धमा

निर्णय नं०१ – दार्मा गाउँपालिकाको आ०व०२०७४/०७५को आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय सल्यानबाट गराउने निर्णय गरियो।

प्रस्ताव नं०२:- बैंक खाता खोल्ने सम्बन्धमा।

निर्णय नं०२:- यस दार्मा गाउँपालिकाको आर्थिक कारोबार गर्नेको लागि दार्मा गाउँपालिका अन्तर्गत वडा नं०३ फारुलाचोर स्थित नबिल(NBL) बैंक शाखा कार्यालय दार्मा फारुलाचोर सल्यानमा खोल्ने निर्णय गरियो।

प्रस्ताव नं०३:- विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन सम्बन्धमा।

निर्णय नं०३:- यस दार्मा गाउँपालिकाको आ०व०२०७५/०७६को वार्षिक कार्यक्रम अनुसार विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन अन्तर्गत विद्यार्थीको रगत परीक्षण गर्नको लागि दार्मा गा.पा.को कक्षा ६-१० सम्मका विद्यार्थीहरुको रगत परीक्षण गर्ने। सो कार्यक्रम सार्वजनिक गा. वि. स०को तीन वटै गाउँमा मिति २०७५/५/३१ गते उपाध्यक्ष

पहिलो खरखो
गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

प्रस्ताव नं० ४:- गिट्टी बालुवा ढुंगा उत्खनन सम्बन्धमा।

निर्णय नं० ४- यस दार्मा गाउँपालिका क्षेत्र भित्र सार्वजनिक स्थानमा रहेको (खोला, जग्गा, गार) मा रहेको गिट्टि बालुवा ढुंगा उत्खनन सम्बन्धमा अर्को व्यवस्था नहुन्जेल सम्म अति आवश्यक परेको अवस्थामा सम्बन्धित पक्षलाई उत्खनन को लागि गाउँपालिकामा निवेदन लिगाई निकासी गर्नेको लागि प्रति टीप रु० ३००।-(तीनसय) शुल्क लिइ अनुमति दिने र सो सम्बन्धमा दार्मा गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुले अनुगमन तथा नियमन गर्ने निर्णय गरियो।

प्रस्ताव नं० ५:- अस्पताल स्थापनाको लागि जग्गाको सूचना, बसपार्क, प्रहरी चौकीको लागि जग्गा सम्बन्धी सूचना सम्बन्धमा।

निर्णय नं० ५:- यस दार्मा गाउँपालिकाको विकासको पूर्वाधार अन्तर्गत व्यवस्थापन गर्ने को लागि यस दार्मा गाउँपालिकाको ~~निम्न क्षेत्र भित्र~~ तपसिलका क्षेत्रहरुलाई सूचित गरी निःशुल्क रुपमा जग्गा प्राप्त गर्नेको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो।

तपसिल

१) अस्पताल, प्रहरी चौकी, बसपार्क र अन्य कार्यालय स्थापनार्थ जग्गाको लागि निम्नानुसारको चार किल्ला भित्र निर्धारण गरिएको छ। सूचना अनुसार परेका निवेदन उपर छानविन गरी जग्गा छनौट गर्ने समिति गठन गरी उक्त समिति मार्फत हुनेछ।

जग्गाको चारकिल्ला

क) पूर्वमा:- क्यारिबाङ०, लिंगाचौर, क्यामिरेचौर
ख) पश्चिम:- पुडाकाफल, च्वैतेखोला
ग) उत्तर:- मौलेखाली, बस्तेटाकुरा
घ) दक्षिण:- बिस्सेटाकुरा, रातामाटा

यति चारकिल्ला भित्रको जग्गा ५ देखि १५ रोपनी जग्गा क्षेत्रफल हुनुपर्नेछ।

प्रस्ताव नं० ६:- कर्मचारी विज्ञापन सम्बन्धमा।

निर्णय नं० ६:- यस दार्मा गाउँपालिका अन्तर्गत आवश्यक परेका अ०हे०व० १जना, अ०न०मि० २जना, कृषि जे०टी०ए० १जना र कार्यालय सहयोगी १जना गरी जम्मा ५(पाँच) जना मध्ये कार्यालय सहयोगी वडा नं० ६लाई पद पूर्ति गर्ने जिम्मा दिने र अन्य ४(चार) जना पदहरुको यस गाउँपालिका बाट विज्ञापन गरी छनौट गर्ने निर्णय गरियो।

प्रस्ताव नं० ७:- जिल्ला दररेट संशोधन समिति गठन सम्बन्धमा।

जिल्ला दररेट समितिले पारित गरेको दर रेटलाई दार्मा गाउँपालिकाको सापेक्षतामा संशोधन गर्नको लागि गाउँपालिका स्तरीय तपसिल बमोजिम दर रेट संशोधन समिति गठन गर्ने निर्णय पारित गरियो।

## तपसिल

| | | |
|---|---|---|
| १) श्री वसुन्धरा पुन | संयोजक | (प्रमुख प्रशासकीय अधिकृत) |
| २) श्री सन्दीप घिमिरे | सदस्य सचिव | (इन्जिनीयर) |
| ३) श्री दुर्गाबहादुर मल्ल | सदस्य | (६ नं० वडा ~~सदस्य~~ अध्यक्ष) |
| ४) श्री दिपक कंवर | सदस्य | (लेखापाल) |
| ५) श्री विष्णु शेशाह | सदस्य | (सब इन्जिनीयर) |
| ६) श्री प्रकाश खड्का | सदस्य | (सब ओभरसियर) |
| ७) श्री मञ्जु शाही | सदस्य | (कार्यपालिका सदस्य) |

प्रस्ताव नं०८:- स्वास्थ्य चौकिमा कार्यरत कर्मचारीको तलव भत्ता सम्बन्धमा।

निर्णय नं०८:- यस बारमा गाउँपालिका अन्तर्गत स्वास्थ्य चौकिमा कार्यरत करार कर्मचारी अ०न०मी० र अ०हे०व०लाई मासिक रु. १७०००।-(सत्रहजार)को दरले तलवभत्ता दिने निर्णय पारित गरियो।

प्रस्ताव नं०९ - विपत व्यवस्थापनको जिम्मेवारी सम्बन्धमा।

निर्णय नं०९ - यस बारेमा गाउँपालिका अन्तर्गत विपत व्यवस्थापन सम्बन्धी काम गर्ने श्री इन्द्र भण्डारीलाई (कानुनी सल्लाहकार) जिम्मेवारी दिने निर्णय गरियो।

प्रस्ताव नं०१०:- अति आवश्यकीय मर्मत सम्भार सम्बन्धमा।

निर्णय नं०१०:- यस बारेमा गाउँपालिका अन्तर्गत विकासका पुर्वाधारहरु आकस्मिक रुपमा ~~दैवी~~ प्राकृतिक प्रकोप वा सेती भएमा सोको पुनर्निर्माण वा मर्मत सम्भार गर्नको लागि तपसिल बमोजिमको आवश्यकीय भौतिक पुर्वाधार मर्मत सम्भार समिति गठन गर्ने निर्णय गरियो।

## तपसिल

| | | |
|---|---|---|
| १) श्री सन्दीप घिमिरे | संयोजक | (इन्जिनीयर) |
| २) श्री इन्द्र भण्डारी | सदस्य | (कानुनी सल्लाहकार) |
| ३) श्री विष्णु शेशाह | सदस्य | (सब इन्जिनीयर) |
| ४) श्री प्रकाश खड्का | सदस्य | (सब ओभरसियर) |
| ५) श्री खगेन्द्र वली | सदस्य | (सब इन्जिनियर) |